स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अनमोल केसी र आना शर्मा स्टारर रोमान्टिक ड्रामा "जेरी अन टप"को छायांकन मिति तय भएको छ । यो फिल्मको छायाकंन जेठ २० गतेदेखि सगरमाथा क्षेत्रमा हुने भएको छ । निर्माता सरोज न्यौपानेले दुई चरणमा हुने छायांकनको पहिलो सेड्युल तय भएको बताए । "मौसमको अनुकूलता हेरेर पनि हामी सो मितिदेखि छायांकनमा जाँदैछौं" उनले भने, "सो क्षेत्रमा ३० दिन छायांकन चल्छ ।" असारको अन्त्यसम्म पानी नपरे छायांकनलाई निरन्तरता दिने न्यौपानेले बताए ।

आजको विचार...



नेपाली...
(दुई पेजमा)

डा. सन्जिब हुमागाई



पूजा शर्मा स्टारर एक्सन फिल्म "दान्भी"को प्रदर्शन मिति सरेको छ । चलचित्र संघ र वितरकबीच जुटेको सहमतिअनुसार अब यो फिल्म जेठ १० मा रिलिज नहुने भएको छ । अब उक्त मितिमा "फर्की फर्की" र "पुजार सार्की" मात्र आउनेछन् । "दान्भी"का वितरक करण श्रेष्ठले उद्योगको हितका लागि आफूहरुले यो निर्णय लिएको बताए । सम्भवत: असार ७ मा यो फिल्म आउन सक्ने जनाइएको छ । अभिनेत्री पूजा शर्माको सोमबार जन्मदिनको अवसरमा फिल्मको नयाँ प्रदर्शन मिति घोषणा गर्ने तयारी छ ।

❒ वर्ष २९ ❒ अंक २६९ ❒ २०८१ वैशाख १७ गते सोमबार 29 April 2024, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### टिपरको ठक्करबाट एकको मृत्यु

**पाल्पा,** बैशाख १६/पाल्पामा टिपरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ । शनिबार साँझ जिल्लाको तिनाउ गाउँपालिका-२, दोभान छिसखोलास्थित भित्रि कच्चि सडक खण्डमा टिपरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको हो । बुटवलबाट कचलखानीतर्फ जाँदै गरेको लु २ ख ८७४ नम्बरको टिपरले बिपरित दिशाबाट आउदै गरेको लु १७ प १५२४ नम्बरको मोटरसाईकललाई ठक्कर दिदा मोटरसाईकल चालक रैनादेवी छहरा गाउँपालिका -६ का ४३ वर्षीय जगबहादुर बलालको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सन्तोष चन्दले जानकारी दिए । दुर्घटनामा गम्भीर घाइते भएका उनको उपचारका क्रममा लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा मृत्यु भएको हो । घटनाका विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## तेस्रो लगानी सम्मेलन

# नेपालमा ढुक्क भएर लगानी गर्न अपिल

**रासस**

**काठमाडौं,** बैशाख १६/नेपालमा लगानीको अवसर खोजिरहेका स्वदेशी तथा विदेशी लगानीकर्तालाई यहाँ ढुक्क भएर लगानी गर्न र आफ्नो लगानीको प्रतिफलको चिन्ता नगर्न सरोकारवाला निकाय तथा विभिन्न क्षेत्रका जानकारहरुले अपिल गरेका छन् ।

आइतबारबाट काठमाडौंमा शुरु भएको तेस्रो लगानी सम्मेलनको पहिलो मुख्य सत्रका वक्ताहरुले नेपालमा लगानीको अवसर खोजिरहेका लगानीकर्तालाई यहाँको वातावरणको अवस्थाबारे जानकारी दिदैं उच्च मनोबलका साथ काम गर्न आग्रह गरे । 'नेपालमा लगानी अवसरको खोजी' विषयक पहिलो मुख्य सत्रको अध्यक्षता



गरेका अर्थमन्त्री वर्षमान पुनले अध्यादेशमार्फत् कानुन संशोधनलाई लगानी वातावरण सुधारप्रतिको सरकारको प्रतिबद्धताको प्रमाणका रुपमा बुझ्नुपर्ने बताए । कानुन संशोधनका लागि निजी क्षेत्रसँग पर्याप्त छलफल भएको र निजी क्षेत्रको सुझावका आधारमै कानुन संशोधन प्रक्रिया अघि बढाइएको उनको भनाइ छ । अर्थमन्त्री पुनका अनुसार सरकारले करसम्बन्धी कानुनलाई थप लगानीमैत्री बनाउँदैछ । अध्यादेशमार्फत ल्याइएको केही नेपाल ऐन संशोधमार्फत् सरकारले विश्व भन्सार संगठन र विश्व व्यापार संगठनको सिद्धान्त तथा अभ्यास अनुरूप नयाँ भन्सार विधेयक पनि संसदमा पेस गरेको उनले उल्लेख गरे । 'नेपाल रणनीतिक रूपमा दुई ठूला र बढ्दो अर्थतन्त्रका रुपमा रहेका चीन र भारतको बीचमा अवस्थित छ । यसले नेपालमा स्वदेशी तथा विदेशी लगानीका लागि ठूलो अवसर प्रदान गरेको छ । नेपालको आर्थिक वृद्धिका प्रमुख संवाहक ऊर्जा, पर्यटन, सूचना प्रविधि, कृषि र पूर्वाधार विकासलगायतका क्षेत्र हुन्', अर्थमन्त्री पुनले भने ।

उक्त सत्रमा पूर्वअर्थमन्त्री एवं प्रतिनिधिसभा सदस्य डा प्रकाशशरण महत, प्रतिनिधिसभा सदस्य डा. स्वर्णिय वाग्ले, पूर्वअर्थमन्त्री डा. युवराज खतिवडालगायत विशिष्ट व्यक्तित्वहरु वक्ताका रुपमा थिए । पूर्वअर्थमन्त्री डा. महतले नेपालको विकास तथा समृद्धिका लागि आन्तरिक स्रोत मात्र पर्याप्त नभएका कारण प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउनुपर्ने निष्कर्ष गरेको र यहाँ लगानीका लागि क्षेत्रगत प्राथमिकतासमेत निर्धारण गरिएको बताए । त्यस्तै, पूर्वअर्थमन्त्री डा. खतिवडाले सहज प्रवेश, सहज निकास र प्रतिफल सुनिश्चितताको अवस्था सिर्जना गरिनुपर्ने बताए । डा.वाग्लेले विदेशी लगानीकर्तालाई नेपालमा सहजीकरण गर्नका लागि कानुनी रुपमा खुकुलो वातावरण सँगै कुनै विवाद वा समस्या देखिएको अवस्थामा मध्यस्थताका लागि प्रभावकारी संयन्त्र आवश्यक रहेको बताए । उक्त सत्रमा दक्षिण एसियाका लागि व्यापार आयुक्त तथा पश्चिम भारतका लागि बेलायतका उच्च आयुक्त हरजिन्दर काङ, संयुक्त राष्ट्रसंघका नेपालका लागि आवासिय संयोजक हाना सिङ्गर हाम्डी, विश्व बैंकको माल्दिभ्स, नेपाल र श्रीलङ्काका देशीय निर्देशक फेरिस एच. हदाद जेर्बोस, अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी) को बंगलादेश, भुटान तथा नेपालका देशीय प्रबन्धक मार्टिन हल्टम्यान, अन्तर्राष्ट्रिय मुद्रा कोष ( आईएमएफ) को नेपाल मिसन प्रमुख टिडिएन किन्दालगायत वक्ता थिए । त्यसैगरी, चीनको सिचुआन प्रान्तका महासचिव रेज जिङवेन, भारतीय चेम्बर अफ् कमर्सका महानिर्देशक राजीव सिंह, नेपाल घरेलु तथा साना उद्योग महासंघका अध्यक्ष उमेशप्रसाद सिंह, महिला उद्यमी महासंघ नेपालका अध्यक्ष शोभा ज्ञवाली वक्ताका रुपमा रहे । यो सत्रमा नेपाल सरकारका पूर्वसचिव रामेश्वर खनालले प्रस्तुतीकरण गरेका थिए ।

## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापाता लगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।

***हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।***

नेपाल सरकार
विज्ञापन बोर्ड

## पाल्पा जेसिजद्वारा रूद्रवेणीधाममा रहेको आश्रममा स्वास्थ्य शिविर

**पाल्पा,** वैशाख १६/पाल्पा जेसिज वर्ष २०२४ ले गुल्मीमा रहेको एक आश्रममा पुगेर नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ । उसले जिल्लाको सत्यवती गाउँपालिका -१ मा रहेको श्रीराम मन्दिर तार्केश्वर परमानन्द सन्यास आश्रम रुद्रबेणीधाममा पुगेर एक दिने स्वास्थ्य शिविर सञ्चालन गरेको हो ।



शिविरको पाल्पा जेसिज वर्ष २०११ का अध्यक्ष तथा वर्ष २०१२ का राष्ट्रिय उपाध्यक्ष एवं पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष जेसी शैलेन्द्र भट्टराईले उद्घाटन गरेका हुन् । शिविरको उद्घाटन गर्दै प्रमुख अतिथि समेत रहेका भट्टराईले जेसिजले मानविय सेवामा देखाएको सक्रियता प्रशंसनिय रहेको बताए । उनले भने 'वृद्धवृद्धाहरु समाजका पदप्रदर्शक हुन् । उनीहरुको नि:शूल्क स्वास्थ्य परीक्षण गरेर जेसिजले रचनात्मक काम गरेको छ ।' स्वास्थ्य परीक्षणले जेष्ठ नागरिकलाई केही भएपनि राहत मिल्नेमा उनले विश्वास व्यक्त गरे । तानसेन नगरपालिका-३ का वडा अध्यक्ष बाबुरत्न शाक्यले जेसिजले मानवताको सेवा नै जीवनको सर्वोत्तम कार्य हो भन्ने अभिप्राय बोकेर अगाडि बढेकोमा खुसी व्यक्त गरे । आश्रममा आश्रित वृद्धवृद्धाहरूको स्वास्थ्य परीक्षण गर्ने उद्देश्यले शिविर सञ्चालन गरिएको जेसिज पाल्पाका अध्यक्ष जेसी अर्जुन कार्कीले बताए । उनले कोही कसैबाट पनि सहारा नपाएर आश्रममा आश्रित हुन पुगेका वृद्धवृद्धाहरुको नि:शुल्क रुपमा स्वास्थ्य परीक्षण गर्न डा. सहित जेसिजको टोली आश्रममा पुगेको एनजेडीलाई जानकारी दिए । अध्यक्ष कार्कीले भने 'हामी युवाहरुको व्यक्तित्व, नेतृत्व विकाससँगसँगै मानविय र सामाजिक सेवामा पनि लाग्नुपर्छ भन्ने लागेर ठाउँ-ठाउँमा पुगेर मानविय सेवामा जोडिएका छौं, यसै क्रममा हामी रुद्रवेणीधामस्थित आश्रमका वृद्धवृद्धाहरुको स्वास्थ्य परीक्षण गरेका हौं ।'

शिविरमा जेसिजका सदस्य तथा लुम्बिनी मेडिकल कलेजका इन्टर्नल मेडिसिन डा.उदीप महर्जनको नेतृत्वमा डा.राज कोजु, डा.तामेश्वर चौधरी, ब्रजिन जयना श्रेष्ठ, शालिकराज ढकाल सहितको डा.र स्वास्थ्यकर्मीको टोलीले आश्रममा रहेका वृद्धवृद्धाहरुको स्वास्थ्य परीक्षण गर्नुका साथै नि:शुल्क औषधिसमेत वितरण गरेका थिए । शिविरमा सुगर, प्रेसर जाँचसँगै हाडजोर्नी दुख्नेको दीर्घकालीन समस्याहरुको उपचार गरिनुको साथै औषधि समेत दिइएको थियो । म्याग्नस फार्म काठमाडौंले नि:शुल्क औषधि सहयोग गरेको जेसिजले जनाएको छ । शिविरमा ६२ जनाले सेवा लिएका छन् । आश्रममै डा. सहितको टोलीले नि:शुल्क स्वास्थ्य परीक्षण गरेपछि वृद्धवृद्धाहरु उत्साहित भएका छन् । शिविरमा स्वास्थ्य सेवा लिएकाहरुले पाल्पा जेसिजको लेटर प्याडमा डाक्टरले लेखिदिएको प्रिसक्रिप्सन लिएर आएमा उपचारको क्रममा एलएमसी पाल्पाले १० प्रतिशत छुट समेत दिने डा.उदिप महर्जनले बताए । जेसिज पाल्पा वर्ष २०१७ का अध्यक्ष जेसी पुर्णराज शाक्य, सदस्यहरु प्रशान्त प्रधान, मुकेश रावल, विनय खाती समेतको टोली शिविरमा पुगेको थियो ।

सन्तोष चलचित्र मन्दिरमा...



नेपाल अधिराज्यभर अपार सफलतापूर्वक चलिरहेको अभिनेत्री **केकी अधिकारी**को निर्माणका तथा अभिनय रहेको साथै चर्चित गीत **'बुझिन मैले'** रहेको चलचित्र **'बोक्सीको घर'** भव्यताका साथ चलिरहेको छ । स-परिवारका साथ अवश्य हेर्नुहोला ।

**शो समय :**
*पहिलो शो : ११:३० बजे, दोस्रो शो : २:३० बजे र तेश्रो सो साझ ५:३० बजे*

टिकट बुकिङ्ग नं. : ९८४७३९८५५५

*(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## लगानी सम्मेलनको सार्थकता

नेपालमा लगानीका सम्भावना खोज्नका लागि आइतबारदेखि लगानी सम्मेलन राजधानीमा शुरु भएको छ । मुलुकमा आर्थिक गतिविधि चलायमान नभएर अर्थतन्त्रमा शिथिलता कायम रहेकै बेला सरकारले लगानी सम्मेलन गर्दैछ । जतिसक्दो धेरै लगानी प्रवर्द्धनको लक्ष्यसहित आइतबार र सोमबार लगानी सम्मेलन हुनेछ । खासगरी मुलुकलाई आवश्यक परेका तर स्वदेशी लगानीले धान्न नसक्ने परियोजनामा विदेशी लगानी जुटाउने लक्ष्यसहित सरकारले बेला–बेलामा यस्ता सम्मेलन गर्दै आएको छ । अहिलेको यो लगानी सम्मेलन तेस्रो हो । यसपाली लगानी सम्मेलन गर्ने निर्णय गत कात्तिकमै भएको थियो । तर बेलैमा तयारी अघि नबढाइदा आखिरीतिर हतारो भएजस्तो देखिएको छ । जे होस् वैदेशिक र आन्तरिक लगानीलाई प्रवर्द्धनका साथै लगानीकर्ताका लागि उपयुक्त र लगानी सुरक्षणको व्यवस्थापन सरकारले गर्ने विषयका प्रतिवद्धतालाई मध्ये नजर गरेर गर्ने कार्यका लागि भावी रणनीति र योजना निर्माणका काममा यो सम्मेलनले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास गरिएको छ । उद्योग, वाणिज्यका साथै शिक्षा र स्वास्थ्य अनि पर्यटनका क्षेत्रमा पनि यस्ताखालका लगानीहरु आफैमा अत्यन्तै महत्वपूर्ण हुने खालका भएको खण्डमा मात्रै यो सम्मेलनले सार्थकता प्राप्त गर्न सक्छ । अन्यथा केवल प्रचारवाजी र गर्नका लागि गरिएको भन्ने बाहेक केही पनि हुन सक्दैन ।

नेपालले उद्दार र आर्थिक नीति प्रतिको प्रतिवद्धताका साथ लगानी कर्ताको लगानीलाई पारदर्शी र सुरक्षित गर्दै अगाडि बढ्न तयार भएको कुरालाई प्रतिवद्धताका साथ त्यो कार्यान्वयनमा समेत जोड दिएको खण्डमा मात्रै देशले औद्योगिक क्रान्ति गर्ने अवसर प्राप्त गर्ने छ । अन्यथा खाली गफ र कानूनी अड्चनमै रुमालिनुपर्ने बाध्यता भयो भने समस्याका पहाडहरु झन् भन्दा झन् उचो भएर ठडिने बाहेक केही पनि हुन सक्दैन । लगानीका लागि नेपाल उपयुक्त गन्तव्य हुन सक्छ तर त्यसका लागि लगानी कर्ताहरुको सम्मान, सुरक्षा अनि मुनाफाको प्रतिफल प्राप्त गर्ने अधिकारहरु स्पष्ट हुनुपर्ने हुन्छ । दूरसञ्चार प्रदायक कम्पनी एनसेल विक्री र करका विषयमा भएका झमेला अनि विवादका कारण भएका समस्याहरुलाई आज पनि दृष्टान्तका रुपमा अगाडि बढाउनुको कुनै पनि विकल्प छैन । स्वदेशी र विदेशी लगानीका सम्भावनालाई आवश्यकता अनुसार नीति र विधिमा कार्यान्वयन गर्ने वातावरणको अवस्था बनाउन लागि सरकारले यो सम्मेलनको भरपुर उपयोग गर्नुपर्छ यसो भयो भने मात्र सम्मेलनले सार्थकता प्राप्त गर्दछ ।

### Opinion @ Social Network

जे छ मनमै छ सुनाउन छाडिसके मैंले
सुनेर नि बुझिदिने कोही नभएपछि ।
*(दिलु रानाको फेसबुक स्टाटस https://www.facebook.com/Dilu.Rana.)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपाली समाजले कुरिरहेको समृद्धिको बुलेट रेल

केही समयदेखि आम नेपालीको जीवन नैराश्यताले ग्रसित छ भन्ने एउटा जबर्जस्त भाष्य स्थापित गर्न खोजिंदैछ । नेपालको वर्तमान अवस्थालाई हालसालै स्टेट फेलियर ( असफल राज्य)को अनुभव भोगेका देशहरूसँग तुलना गर्ने गरिन्छ । यहाँ अब केही पनि सुधार हुँदैन र युवाको भविष्य पनि छैन भन्ने तर्क दैनिक जीवनको भाषा बनिसकेको छ । पछिल्लो समय यस्तो नैराश्यता मध्यम र उच्च आय भएका व्यक्तिहरूसम्म पनि फैलिएको विषयलाई सामाजिक एवं आर्थिकको संवादमा विशेष ग्राह्यता दिने गरिएको छ । नेतृत्व तहमा रहेका अधिकांश पृथक् प्रतिक्रिया दिंदै भन्छन्, ‘अहिले हामीले जे गरिरहेका छौं त्यो नै अधिकतम हो । कुनै नयाँ पात्र वा विधिले अहिलेको अवस्थामा तात्विक भिन्नता सिर्जना गर्न सक्दैनन् । विकास एवं सुधारको आफ्नै क्रमिक चरणहरू हुन्छन् । हामी त्यसैतर्फ उन्मुख छौं ।’ युवामा आफ्नो अहिलेको अवस्थासँग रहेको असन्तुष्टि पनि त्यस्तै अर्को एउटा स्वाभाविक प्रक्रिया हो भन्ने उनीहरूको व्याख्या रहेको पाइन्छ । विगत ३० वर्षमा नेपालले प्राप्त गरेको भौतिक र सामाजिक विकास समान अवस्थामा रहेका अन्य देशहरूको तुलनामा उल्लेखनीय रहँदारहँदै पनि आफूहरूले बुझाउन नसकेको ठान्दछन् उनीहरू । विगतमा धेरैपटक हामीले गरेको गल्ती झैं अहिलेको हाम्रो बहस पनि अपूर्ण, विभाजित, पूर्वाग्रही वा पक्षपाती छ । केही हदसम्म नियोजित र दलगत स्वार्थप्रेरित छ । मतदातालाई विभाजित गरेर आफ्नो मत सुरक्षित बनाउने लोकप्रियतावादका गन्धहरू पनि मिसिएका छन् । अब नेपालको सर्वाङ्गीण आर्थिक विकासको बहस अहिलेको यस साँघुरो घेराबाट बाहिर आउन आवश्यक छ । जनमानसमा रहेका असन्तुष्टिहरूलाई कसरी विकासको ऊर्जामा परिणत गर्न सकिन्छ भन्ने एक नवीन र सृजनशील बहस कुरिरहेको छ, वर्तमान नेपालले । यो आलेख कत्ति पनि ढिला नगरी सुरु गर्नुपर्ने दुई यस्तै विषयहरूमा केन्द्रित छ । हामी सबैले मिलेर यस्तै अन्य र थप उत्पादक एवं सकारात्मक विषयहरूको बहसका माध्यमबाट विकासको वातावरणलाई थप मजबुत र सशक्त बनाउन सक्नुपर्छ । तब हामी सबै विकासतर्फ उन्मुख हुन्छौं । अनि मात्रै सुन्दर भविष्यको परिकल्पना गर्न सकिन्छ । फगत नकारात्मक विषयको चिन्तनमा सीमित भएर समृद्धि हासिल गर्न सकिन्छ र ? विकसित देशहरूका अनुभवमा आधारित भई हाम्रो जस्तो सामाजिक धरातलमा आर्थिक, सामाजिक र राजनीतिक उन्नति सम्भव छ भन्ने विषयमा नेपाली समाजमा एउटा नयाँ बहस र अभियान नै आवश्यक छ ।



डा. सन्जिब हुमागाई

*हालसालै विश्व बैंकले सार्वजनिक गरेको प्रतिवेदन अनुसार उस्तै अर्थतन्त्र भएका मुलुकको तुलनामा नेपालको श्रम उत्पादकत्व अत्यन्तै कमजोर रहेको छ । यसले प्रष्ट हुन्छ, हाम्रा नागरिक एवं श्रमिकहरूको प्रतिव्यक्ति उत्पादन क्षमता कमजोर छ । यो अवस्थालाई सुधार गर्न सकेनौं भने हामीले सोचेको आर्थिक विकास किमार्थ सम्भव छैन । जसरी युद्ध जित्न सीप र कौशलता भएको सिपाही आवश्यक हुन्छ, त्यसरी नै उत्पादनशील जनशक्ति विना विकास असम्भव हुन्छ । पछिल्लो जनगणनालाई आधार मान्दा नेपालमा १६ देखि ४० वर्ष उमेर समूहको युवाको संख्या ४२.५६ प्रतिशत छ । यिनै युवा हाम्रा सम्पत्ति हुन् भनेर हामीले बेला मौकामा भाषण पनि गर्ने गरेका छौं ।*

### सामाजिक पूँजी

सामाजिक सद्भाव, सहकार्य र एकता दोस्रो विश्वयुद्ध पश्चात् अनुकरणीय आर्थिक विकास हासिल गरेका मुलुकहरूको साझा विशेषता हो । यसले नागरिकहरूबीच निर्धक्क विचार लगायत वस्तु र सेवाको आदानप्रदानको वातावरण सिर्जना गर्दछ । सहभागिता र सहकार्य अभिवृद्धि गर्दछ । नागरिकहरूलाई साझा मुद्दामा एकाकार गर्दछ । यसलाई सामाजिक पूँजी भनेर व्याख्या र मापन गर्ने गरिएको छ । सामाजिक पूँजीको तह निर्धारणमा समाजका सदस्यहरूका साझा मूल्य, मान्यता र विश्वास, उनीहरू बीचको सम्बन्ध एवं सञ्जाल तथा सामाजिक संस्थाहरू निर्णायक हुन्छन् । तत्काल गर्नुपर्ने पहिलो बहस भनेको नेपालीहरू बीचमा त्यस्तो सामाजिक पूँजी अभिवृद्धि गर्न कसले, कहाँबाट, के गर्नुपर्दछ भन्ने नै हो । सरकारको भूमिका के ? सदनको भूमिका के ? अदालतको भूमिका के ? राजनीतिक दलको भूमिका के ? नागरिक समाज र निजी क्षेत्रको भूमिका के ? नागरिकको भूमिका के ? नागरिकले आफ्नो भूमिका बुझ्दा र अनुसरण गर्दा मात्र सामाजिक पूँजी अभिवृद्धि सम्भव हुन्छ । यसलाई सबै प्रकारका विकासको न्यूनतम आवश्यकताको रूपमा बुझ्नुपर्दछ ।

नेपाली समाजमा विश्वासको संकट रहेको सम्बन्धमा विभिन्न तथ्याङ्कले चित्रित गर्दै आएका छन् । खासगरी सार्वजनिक निकायहरूप्रतिको विश्वासको अवस्था अत्यन्तै चिन्ताजनक रहेको छ । १३७ देशमा सम्पन्न एक सर्वेक्षणमा जनताको राजनीतिप्रतिको विश्वासमा नेपाल १२१औं स्थानमा रहेको पाइएको छ । व्यक्तिगत, सामाजिक, राजनीतिक र विविध तहमा विश्वासको अवस्थामा समस्या छ । यस्तो अवस्था रहँदासम्म आर्थिक मात्रै होइन, सामाजिक र राजनीतिक विकासमा पनि हाम्रा कठिनाइहरू यथावत् रहने छन् । सामाजिक पूँजी अभिवृद्धि गर्न व्यक्ति-व्यक्ति, व्यक्ति र समूह, व्यक्ति र सरकार बीचको सम्बन्धको लेखाजोखा र त्यसको अवस्थाको आधारमा सम्बन्ध सुधारको रणनैतिक खाँचो छ । यसको लागि सामाजिक मूल्य र मान्यतालाई प्रभाव पार्ने क्षेत्रको बारेमा नागरिक शिक्षा लगायतका नीति र कार्यक्रमहरू आवश्यक हुन्छन् । अझ भनौं, राष्ट्रिय अभियान नै सञ्चालन गर्नुपर्दछ । यो सिलसिलमा समाजमा विकासलाई चौतर्फी रूपमा प्रोत्साहन गर्ने सकारात्मक र ऊर्जाशील वातावरण सिर्जना हुन्छ । जब भौतिक र मानवीय पूँजी सँगसँगै सामाजिक पूँजीको सन्तुलन हुन्छ, तब मात्रै गतिशील अर्थतन्त्र र आर्थिक विकास सम्भव हुन्छ ।

### उत्पादकत्व

विश्व प्रतिस्पर्धात्मक क्षमता प्रतिवेदन २०१९ अनुसार नेपालको अन्तर्राष्ट्रिय प्रतिस्पर्धी क्षमता अध्ययन गरिएका कुल १४१ देशमध्ये १०८औं स्थानमा रहेको छ । नेपालको अवस्था दक्षिणएशियामा पनि सबैभन्दा कमजोर रहेको छ । त्यस्तै सेन्सस एन्ड इकोनोमिक इन्फर्मेसन सेन्टरले प्रकाशन गरेको प्रतिवेदनले नेपालको श्रम उत्पादकत्व वृद्धिदर घट्दै गएको देखाएको छ । हालसालै विश्व बैंकले सार्वजनिक गरेको प्रतिवेदन अनुसार उस्तै अर्थतन्त्र भएका मुलुकको तुलनामा नेपालको श्रम उत्पादकत्व अत्यन्तै कमजोर रहेको छ । यसले प्रष्ट हुन्छ, हाम्रा नागरिक एवं श्रमिकहरूको प्रतिव्यक्ति उत्पादन क्षमता कमजोर छ । यो अवस्थालाई सुधार गर्न सकेनौं भने हामीले सोचेको आर्थिक विकास किमार्थ सम्भव छैन । जसरी युद्ध जित्न सीप र कौशलता भएको सिपाही आवश्यक हुन्छ, त्यसरी नै उत्पादनशील जनशक्ति विना विकास असम्भव हुन्छ ।

पछिल्लो जनगणनालाई आधार मान्दा नेपालमा १६ देखि ४० वर्ष उमेर समूहको युवाको संख्या ४२.५६ प्रतिशत छ । यिनै युवा हाम्रा सम्पत्ति हुन् भनेर हामीले बेला मौकामा भाषण पनि गर्ने गरेका छौं । जब हाम्रो यो सम्पत्ति उत्पादक गहना बन्दछन्, नयाँ र समृद्ध नेपालको बुलेट रेलले पनि त्यही स्टेसनबाट द्रुत गतिको नयाँ यात्रा सुरु गर्दछ । उत्पादकत्वको बहसलाई युवा र उत्पादनमूलक उद्योगमा मात्रै सीमित राख्नु भने पक्कै हुँदैन । सेवा उद्योग सँगसँगै नेपालको अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको कृषिसम्म सबै क्षेत्रलाई समेट्नुपर्दछ । आज हामी विगत केही दशक शिक्षा, तालिम, अध्ययन र अनुसन्धान जस्ता विषयमा पर्याप्त ध्यान दिन नसक्दाका परिणाम भोग्दैछौं । तर त्यसो भन्दैमा अर्को उत्पादक पुस्ता उत्पादनसम्म कुरेर मात्रै बस्न भने पक्कै सक्दैनौं । अहिले देशभित्र श्रम गरिरहेको जनशक्तिलाई कसरी थप उत्पादक बनाउने भन्ने उपायहरूको अवलम्बनमा कत्ति पनि कन्जुस्याइँ गर्नुहुँदैन । यसमा राज्यको प्रष्ट नीति, राज्य र निजी क्षेत्रको दृढ सहकार्य आवश्यक छ । खासगरी प्रविधिको प्रयोग मार्फत उत्पादकत्व र प्रतिस्पर्धी क्षमता अभिवृद्धिको एउटा नयाँ युगको सुरुवातको खाँचो छ, वर्तमान नेपाललाई । हाल विदेशमा रहेका उत्पादक जनशक्तिलाई नेपालमा भित्र्याएर पृथक् माहोलको सिर्जना गर्नेतर्फ हामी सबैको ध्यान जानु अत्यावश्यक छ । यो जनशक्तिसँग सामान्य सीप मात्रै होइन, हाल बसोबास गर्ने देशले कसरी आफ्ना नागरिकहरूलाई उत्पादक बनाउन सफल भए भन्ने अनुभव पनि सँगसँगै भित्र्याउनु आवश्यक छ । सन् १९५० देखि आर्थिक विकासमा सफल भएका देशहरूको एउटा विशेषतामध्ये समृद्ध देशमा बसोबास गर्ने आफ्ना नागरिकहरूलाई देश भित्र्याउन सफल हुनु पनि रहेको छ । हामीसँग यसको प्रष्ट खाका र रणनीति हुनुपर्दछ । राज्यका हरेक नीति र कार्यक्रमले यसलाई सम्बोधन गर्दै निजी क्षेत्रलाई त्यसतर्फ अभिप्रेरित गर्ने हो भने यो त्यस्तो भीमकाय जटिल विषय होइन । आर्थिक उन्नतिमा सफल भएका सबै देशले गर्दै आएको र हामीले कुनै दिन जानै पर्ने बाटो हो, अब ढिला नगरौं ।

अर्को महत्वपूर्ण विषय नेपालको भविष्य जनशक्ति उत्पादनसँग जोडिएको छ । धेरैले धेरै पटक घाँटी सुक्ने गरी उठाएको विषय शिक्षाको गुणस्तर अभिवृद्धिमा तात्विक सुधारको बारेमा दत्तचित्त भएर नलाग्ने हो भने हाम्रो अवस्था अहिलेको भन्दा पनि झन् नाजुक हुन् सक्दछ । शिक्षामा सुधार गर्दा कोरिया कोरिया भयो, सिंगापुर सिंगापुर बन्यो भनिरहने तर हाम्रो शिक्षाको गुणस्तर दिनदिनै खस्किने दुष्चक्रलाई तत्काल यहीं अन्त्य गर्नुपर्दछ । हाम्रा शिक्षाका तमाम समस्या छन् । त्यसमध्ये राज्यले प्राथमिकता दिएको क्षेत्रमा आगामी दिनमा कस्तो जनशक्ति आवाश्यक छ र त्यसको लागि देशभित्र रहेका शैक्षिक संस्थाहरूको भूमिका के हो भन्ने राष्ट्रिय रणनीतिको खाँचो नै समस्याको जड हो । तर दुर्भाग्यवश, अहिले पनि हाम्रो ध्यान त्यतातिर जान सकेको छैन । हामीलाई २, ५, १०, २०, ५०, १०० वर्षपछि कुन क्षेत्रमा, कस्तो र कति जनशक्ति आवश्यक छ र त्यसको तयारीको लागि हाम्रो औपचारिक एवं अनौपचारिक शिक्षा, अध्ययन र अनुसन्धानको राष्ट्रिय रणनीति तर्जुमा तथा आम सहमति सहित त्यसको तत्काल कार्यान्वयन गर्नुपर्दछ । यसको सहकार्यमा संघ, प्रदेश र स्थानीय तहले कत्ति पनि कन्जुस्याइँ गर्नुहुँदैन । अब, उत्पादक नेपाली, उत्पादनमय नेपालको नयाँ अभियान सुरु गरौं ।

**-अनलाइन खबर डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पाः०७५-५२०३३३, ५२११७९
रामपुर अस्पतालः ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ । आफ्नो कार्य सम्पादनमा सहजता मिल्नेछ।
**वृष** : समस्यामा अल्झनुपर्नेछ । अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला ।
**मिथुन** : अधुरा कार्य पूरा गर्न सहयोग मिल्नेछ । नयाँ कार्यको योजना बन्नेछ ।
**कर्कट** : शुभकार्यको चर्चा चल्नेछ । मित्रबाट विशेष सहयोग पनि मिल्नेछ ।
**सिंह** : महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला। सौन्दर्यतामा धन खर्च हुनेछ ।
**कन्या** : विद्या र बुद्धिको विकास हुनेछ । दाम्पत्य जीवन सुखमय रहला ।
**तुला** : प्राविधिक काममा सफलता प्राप्त हुनेछ । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ।
**वृश्चिक** : लक्ष्मी प्रसन्न हुने योग छ । सामाजिक, धार्मिक कार्यमा रुचि बढ्नेछ।
**धनु**: रमणीय यात्राको योग छ । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् ।
**मकर** : रमाइलो यात्राको योग रहेको छ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।
**कुम्भ** : सौन्दर्यतामा धन खर्च हुनेछ । नजिकका व्यक्तिबाट कार्यमा वाधा आइपर्ला।
**मीन** : वाक्चतुर्याईले संकल्प सिद्ध हुनेछ । वित्तिय संस्थाबाट सहयोग पाइनेछ ।



# सल्यानटारका विद्यार्थीले बनाए विद्युतीय गाडी

धादिङको त्रिपुरासुन्दरी गाउँपालिका-१ रानीपौवा माध्यमिक विद्यालयमा अध्ययनरत दुई विद्यार्थीले चार पाङ्ग्रे विद्युतीय गाडी (कार) निर्माण गरेका छन् । कक्षा १० मा अध्ययनरत सौरभ बसौला र सुशील अधिकारीले विद्युतीय गाडी निर्माण गरेका हुन् । दुई सय किलोभन्दा बढी भार बोकेर गुड्न सक्ने गाडी दुई साता लगाएर तयार पारिएको निर्माणमा संलग्न विद्यार्थी बसौलाले बताए । "कक्षा कोठामा विज्ञान शिक्षकले विद्युतीय गाडीको बारेमा जानकारी दिनुभयो, त्यसपछि गाडी निर्माण गर्न सकिन्छ भन्ने लाग्यो । अनि दुवै जना मिलेर गाडी बनाएका हौँ", अर्का विद्यार्थी अधिकारीले भने, "हामीले कवाडी बनेका गाडीका पार्टपुर्जा प्रयोग गरेर गाडी निर्माण गरेका हौं ।"



केही किनेर र केही स्थानीयरुपमा प्राप्त सामग्री प्रयोग गरेर गाडी तयार गरिएको हो । गाडीको क्षमता चालकसहित तीन जना अट्ने रहेको छ । दुई सय ५० वाटको दुई मोटर र १२ भोल्टको दुई ब्याट्री जडान गरिएको सो गाडीलाई एक पटक चार्ज गरेपछि तेर्सो बाटोमा दुई घण्टासम्म गुडाउन सकिन्छ । जति बढी भोल्टको ब्याट्री जडान गऱ्यो त्यति नै बढी भार बोक्न सकिने निर्माणमा संलग्न विद्यार्थीको भनाइ छ । सहयोग प्राप्त भए अहिलेको भन्दा अत्याधुनिक विद्युतीय गाडी निर्माण गर्न सकिने उनीहरु बताउँछन् । बसौला र अधिकारीले विद्युतीय गाडी निर्माण गर्ने क्रममा भएको खर्च त्रिपुरासुन्दरी गाउँपालिकाले बेहोर्ने भएको छ । गाउँपालिकाका अध्यक्ष राजु उप्रेतीले विद्यार्थीको कामले प्रभावित भएको बताए । 'अध्यक्षसँग विद्यार्थी कार्यक्रम'को बजेटबाट गाउँपालिकाको जुनसुकै विद्यालयका विद्यार्थीको क्षमता वृद्धि गर्न आवश्यक सहयोग गर्ने उनको भनाइ छ । गाउँपालिका र विद्यालयले गाडी बनाउने दुवै विद्यार्थीलाई सम्मान गरेको छ । अध्यक्ष उप्रेतीले उनीहरुलाई नगदसहित सम्मान गरेका हुन् । गाडी प्रदर्शन कार्यक्रममा पुगेका जनप्रतिनिधि, अभिभावक र शिक्षकलाई बसौला र अधिकारीले कारमा चढाएर घुमाएका थिए । गाडी बनाउनुभन्दा पहिला उनीहरुले वर्षा र बाढी आएको थाहा पाउन सकिने विद्युतीय रोबोट निर्माण गरी प्रदर्शन गरेको विद्यालयका विज्ञान शिक्षक भुवन उप्रेतीले जानकारी दिए । *-रासस*

# विद्यार्थी घट्दै गएपछि विद्यालय समायोजन गर्दै पालिका

नयाँ शैक्षिकसत्रका लागि भर्ना र पठनपाठन सुरु भएसँगै विद्यार्थी संख्यामा कमी आएपछि काभ्रेका स्थानीय तहले भूगोलका हिसाबले नजिकका विद्यालय समायोजन गर्न थालेका छन् । पालिकाले गठन गरेको विद्यालय अनुगमन तथा सुपरीवेक्षण समितिले तयार पारेको प्रतिवेदनका आधारमा गाउँ शिक्षा समिति र गाउँपालिकाले विद्यालय समायोजन गर्ने क्रम अगाडि बढाएको हो । यसैक्रममा रोशी गाउँपालिकाभित्र सञ्चालित पाँच विद्यालय समायोजन गरिएको छ ।




विद्यालय अनुगमन तथा सुपरीवेक्षण समितिको प्रतिवेदनअनुसार गाउँ शिक्षा समिति र गाउँपालिकाले विद्यालय समायोजन गरी कार्यान्वयन गरेको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत रामबहादुर तामाङले बताए । उनका अनुसार वडा नं १ मा सञ्चालित ठेडाचौर प्राथमिक विद्यालय र चेतना माध्यमिक विद्यालय समायोजन भई ठेडाचौर चेतना माध्यमिक विद्यालय नामकरण गरेको छ । यस्तै वडा नं २ मा अवस्थित गणेश प्राथमिक विद्यालय र ग्रामस्थान प्राथमिक विद्यालय समायोजन भई ग्रामस्थान गणेश प्राथमिक विद्यालय, महाभारत प्राथमिक विद्यालय र भुसुने कालीदेवी प्राथमिक विद्यालय समायोजन भई भुसुने कालीदेवी महाभारत प्राथमिक विद्यालय नामकरण गरिएको छ । यसैगरी वडा नं ७ मा अवस्थित बुद्ध प्राथमिक विद्यालय र गौतमनाथ आधारभूत विद्यालय समायोजन भई गौतमबुद्ध आधारभूत विद्यालय र वडा नं ९ मा अवस्थित मंगलेश्वर प्राथमिक विद्यालय र विन्दावासिनी माध्यमिक विद्यालय समायोजन भई विन्दावासिनी मंगलेश्वर माध्यमिक विद्यालय भएको छ । त्यसरी गाभिएका विद्यालयमा भने बालविकास केन्द्र सञ्चालन गर्ने गाउँपालिकाले जनाएको छ ।

रोशी गाउँपालिकाभित्र ६९ वटा सामुदायिक विद्यालय रहेकामा पाँचवटा समायोजन गरी ६४ वटा बनाइएको छ । गाउँ शिक्षा समितिको निर्णयलाई संघीय सरकारको विद्यालय समायोजन आधार मापदण्ड समितिलाई मध्यनजर गरी कार्यान्वयन गरिएको गाउँपालिकाले जनाएको छ । रोशी गाउँपालिकाले विद्यार्थी संख्याका आधारमा यहाँका आठवटा विद्यालयको तह घटाइएको छ । कक्षा १ देखि ५ सम्म सञ्चालित विद्यालयको तह घटाएर कक्षा १ देखि ३ सम्म अध्यापनको अनुमति दिइएको छ । जसमा वडा नं ४ मा अवस्थित थानापति प्रावि, वडा नं ७ मा अवस्थित जनज्योति प्रावि, खाँडादेवी प्रावि, वडा नं ८ मा रहेको खार्ता महादेवस्थान प्रावि, गायत्री प्रावि, देवीश्वरी प्रावि, वडा नं ९ मा रहेको भूमेस्थान प्रावि र वडा नं ११ मा अवस्थित सरस्वती प्राविको तह घटाइएको छ । विद्यार्थी संख्या कम भएका विद्यालयलाई नजिकको विद्यालयमा समायोजन गरेको गाउँपालिका अध्यक्ष दिनेश लामाले बताए । भौगोलिक अवस्था र विद्यार्थी संख्यालाई हेरेर केही विद्यालयलाई नजिकको विद्यालयसँग समायोजन गरेको र केही विद्यालयमा विद्यार्थी संख्या न्यून भए पनि भौगोलिक कारण सुधार गर्न अनुरोध गरेको छ । त्यसैगरी बनेपा नगरपालिका-४ मा रहेको सृष्टकान्त आधारभूत विद्यालय र चण्डेश्वरी माध्यमिक विद्यलायमा समायोजन गरी चण्डेश्वरी सृष्टिकान्त माध्यमिक विद्यालय नामकरण गरिएको छ । वडा शिक्षा समितिको निर्णयअनुसार उक्त विद्यालय समायोजन गरेको बनेपा नगरपालिकाले जनाएको छ । *-रासस*


# नक्कली परीक्षार्थी खडा गरेको आरोपमा प्रिन्सिपल पक्राउ

धुम्बाराहीमा रहेको प्रोलिफिक सेकेण्डरी स्कुलका प्रिन्सिपल गोपाल बहादुर महत पक्राउ परेका छन् । आफ्नै विद्यालयबाट नक्कली परीक्षार्थी खडा गरेर कक्षा १२ को परीक्षा दिलाउन खोजेको आरोपमा प्रहरीले उनलाई पक्राउ गरेको हो । जिल्ला प्रहरी परिसर काठमाडौँका एसपी नवराज अधिकारीले नक्कली परीक्षार्थी खडा गरेको अभियोगमा उनलाई धुम्बाराहीबाट पक्राउ गरिएको बताए ।

पक्राउ गरेका महतलाई महानगरीय प्रहरी वृत्त महाराजगन्जमा राखिएको एसपी अधिकारीले बताए । कक्षा १२ को परीक्षाका लागि आफ्नो भाइ सहित ५ जनाको नाममा नक्कली परीक्षार्थी खडा गरेको पाइएको थियो । यो विषयमा अनुसन्धान गर्नका लागि काठमाडौँ महानगरले प्रहरीलाई पत्राचार गरेको थियो । स्कुलले ५ जनाको नाममा भरेको परीक्षा फाराममा अर्कै व्यक्तिको फोटो टाँसेको पाइएको थियो । यो विषयमा शिक्षा मन्त्रालय हुँदै राष्ट्रिय परीक्षा बोर्डमा उजुरी परेको थियो । उजुरी परेलगत्तै बोर्डले नक्कली फाराम भरेका ५ जनाको परीक्षा रद्द गरेको थियो । त्यसरी रद्द गरिएकाहरूमा प्रिन्सिपल गोपालका भाइहरू दीपक महत, तिलबहादुर महत तथा प्रशान्त विष्ट, मुकेश चन्द, विवेक न्यौपाने रहेका छन् । बोर्डले पाँचै जनाको परीक्षा भने रद्द गरेको थियो । उक्त स्कुलबाट यो वर्ष १२ जनाले कक्षा १२ को वार्षिक परीक्षा दिन परीक्षा फारम भरेका थिए । तीमध्ये ५ जना विद्यार्थीको परीक्षा फारम नक्कली भरेको पाइएको हो । उनीहरूको फाराम रद्द गरेर बोर्डले थप ७ जनाको परीक्षा भने विशेष निगरानीमा गराउँदै आएको छ । स्कुलमाथि नै अनुसन्धान गर्नुपर्ने देखिएको भन्दै बोर्डले उनीहरूलाई समेत निगरानीसहित परीक्षामा सामेल गराएको बताइएको छ । *-रातोपाटी डटकम*

# स्रोतसाधन भएपनि किन कमजोर छन् हाम्रा स्कुल ?

**डा. पेशल खनाल :**



विद्यावारिधि शोधकार्यका दौरान मैले मेरा बेलायती गुरू टोनी बुथलाई सोधेको थिएँ – विद्यालय सुधारको मूल सूत्र के हो ? उहाँले तीन शब्दमै सहज उत्तर दिनुभएको थियो– पोजिटिभ स्कुल कल्चर । मैले सूत्रको सार के हो भनेर तत्कालै सोधेको थिएँ । उहाँले भन्नुभएको थियो– तपाईंले आफ्नो घर प्रवेश गर्नेबित्तिकै बगैंचामा रोपेको बिरूवा भाँचिएको देख्नुभयो भने कति चित्त दुखाउनुहुन्छ ? पक्कै पनि तपाईं चिन्तित हुँदै यो कसले गऱ्यो, किन गऱ्यो भनेर सोध्न थाल्नुहोला । के तपाईं आफ्नो विद्यालयमा प्रवेश गर्दा बगैंचामा बिरूवा भाँचिएको देख्नुभयो भने त्यस्तै चिन्ता गर्नुहुन्छ ? हो, विद्यालय संस्कृतिको मूल पक्ष यसैमा निर्भर रहन्छ । उहाँले थप व्याख्या गर्दै भन्नुभएको थियो– मानौं, तपाईंको परिवारमा प्रशस्तै धनसम्पत्ति छ, भौतिक सुविधाको पूर्णता छ । मीठो खान, राम्रो लगाउन, देशदेशान्तर घुमफिर गर्न स्रोतसाधनको कमी छैन । यससँगै सोच्नुहोस् त, परिवारमा बसेर भलाकुसारी गर्ने समय छैन, सबैका प्राथमिकता फरक फरक छन् । भेट हुँदा असन्तुष्टि पोख्ने र कुरा काट्ने काम हुन्छ । उहाँ रोकिनुभएन, भनिरहनुभयो, 'सबैका बोलीवचन रूखा छन् । सामूहिक भावना छैन, देखिने नदेखिने गरी परिवारका सदस्यबीच देखासेखी र द्वन्द्वको भावना छ । सम्पत्ति र भौतिक सुविधा पुगेर सबैमा स्वार्थ र अहमता देखिन्छ । त्यस्तो परिवार सफल र आदर्श मान्न सकिँदैन ।' उहाँले थप उदाहरण दिनुभयो – अर्को परिवार छ, आम्दानी र सुविधा मध्यमस्तरको छ तर परिवारका सबै सदस्यहरू आपसमा दु:खसुख बाँड्छन् । भलाकुसारी गर्छन् । काम बाँडफाँट गर्छन् । मितव्ययी रूपमा खर्च गर्छन् । साँझबिहान सबै जना सँगै बसेर हाँसीखुसी खान्छन् । त्यहाँ आत्मीयता छ, एकअर्कामा माया र सम्मान छ । उनीहरूले थोरै आम्दानी र स्रोतसाधन मितव्ययी रूपमा उपयोग गर्दै रमाइलो जीवन बिताएका छन् । सबैमा जिम्मेवारीको सामूहिक भावना छ । उहाँले निष्कर्ष दिनुभएको थियो, 'राम्रो आम्दानी र भौतिक स्रोतसाधनले सम्पन्न हुँदैमा परिवार सुखी हुने होइन । सुख त सकारात्मक पारिवारिक संस्कृतिले प्राप्त हुने हो ।' यही सूत्र विद्यालयमा पनि लागू हुन्छ । विद्यालय सुधारबारे उहाँको सार-सूत्र यही थियो ।

अब कुरा गरौं नेपालको । हाम्रा धेरै सामुदायिक विद्यालयसँग पुग्दो जग्गा, भवन र शैक्षिक सुविधा छ, शिक्षक छन् । स्रोतसाधनका हिसाबले अधिकांश विद्यालय राम्रो अवस्थामा छन् । यति हुँदा पनि आमरूपमा यी विद्यालयमा विद्यार्थीको सिकाइस्तर कमजोर छ । कक्षा ५ पूरा गरेका अधिकांश विद्यार्थी आफ्नो पाठ पढ्न र लेख्न सक्दैनन् । सिकाइको स्तरमा चित्त नबुझाएर अभिभावकहरू निजी विद्यालयमा महँगो शुल्क तिरेर छोराछोरी पढाउँछन् ।

**स्रोतसाधन हुँदाहुँदै हाम्रा स्कुल किन कमजोर भए त ?**

मूलत: हामीले लगानी र प्रक्रियामा मात्र कमजोरी देख्यौं । सोहीअनुसार विद्यालय सुधारका ठूलठूला योजना बनायौं । दाताहरूको सहयोगमा लगातार भौतिक सुविधा, पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री, शिक्षण र मूल्यांकन विधि, शैक्षिक योजना, शिक्षक तालिम, अभिभावकको संलग्नता, नेतृत्व र व्यवस्थापन, सूचना तथा प्रविधि जस्ता क्षेत्रमा नयाँनयाँ योजना र कार्यक्रम लागू गरिरहेका छौं । यति गर्दा पनि विद्यार्थीको सिकाइ गुणस्तरमा अपेक्षित परिवर्तन आउन सकेको छैन । यसो हुनुको मूल कारण विद्यालय परिवारमा सहकार्य, सामूहिकता, अपनत्व, पेसाप्रतिको गौरव र सम्मानको संस्कृति निर्माण हुन नसक्नु हो । विद्यालय संस्कृति विद्यालयको आत्मा हो । व्यक्तिमा आत्माको शुद्धीकरण नभएसम्म भौतिक सुविधा र सम्पन्नताले आनन्द र सुख प्राप्त हुँदैन । व्यक्ति जस्तै स्कुलका व्यवस्थापक, शिक्षक, अभिभावक र विद्यार्थीका व्यवहारमा प्रतिविम्बित मूल्यमान्यता, पद्धति, आचरण, सोच, व्यवहार, दृष्टिकोण, झुकाब, नेतृत्व जस्ता पक्षले स्कुलको सफलता वा असफलता निर्धारण गर्छ । यी पक्ष ध्यानमा राखेर हामीले लगानी र प्रक्रियासँगै विद्यालय संस्कृतिमा सकारात्मक परिवर्तन ल्याउन सुधारको काम थाल्ने बेला भएको छ ।

हाम्रा सामुदायिक विद्यालयमा शिक्षकहरूबीच सामूहिक भावना र स्कुलप्रति अपनत्वको कमी छ । शिक्षक र व्यवस्थापन सदस्य दुबै राजनीतिक आस्थाका आधारमा विभाजित र पूर्वाग्रही छन् । शिक्षकहरूमा 'हामी सबै एउटै विद्यालय परिवारका साझा सदस्य हौं' भन्ने भवानाको कमी छ । बरू 'अलग अलग संघसंगठनका सदस्य हौं' भन्ने विभाजित मनस्थिति छ । हामीले विद्यालयमा शिक्षक र व्यवस्थापन सदस्यहरूबीच एकअर्कालाई सम्मान गर्ने, आपसमा छलफल गर्ने, आपसबाट सिक्ने संस्कार विकास गर्न सकेनौं । व्यवस्थापनले शिक्षकको दोष देख्योह शिक्षकले व्यवस्थापनलाई अनपढ, अविवेकी र पूर्वाग्रही देखे । हामीले सबैको फरक फरक पहिचान, अनुभव र क्षमताको उपयोग गर्ने संस्कार निर्माण गर्न सकेनौं । बरू शिक्षक व्यवस्थापन, स्थायी-अस्थायी, प्रावि-मावि, सरकारी दरबन्दी-निजी स्रोत जस्ता संरचना हेरेर 'ठूलो-सानो' र 'तेरो-मेरो' को पहिचान बलियो बनायौं । सामूहिक भावना, अपनत्व, कर्तव्य र जिम्मेवारीभन्दा पनि जागिरको अपौचारिकतामा सीमित भएर रमायौं । शिक्षक सेवा आयोगको परीक्षा उत्तीर्ण गरेर स्थायी सेवाका लागि प्रवेश गरेका मेरा एक पूर्वविद्यार्थीले भनेको एउटा कुरा यहाँ उल्लेख गर्नु सान्दर्भिक ठानेको छु । उनको भनाइ यस्तो थियो– 'म शिक्षक सेवा आयोग पास गरेर ठूलो जोस र जाँगरसहित स्कुल गएको थिएँ । कलेजमा सिकेको शिक्षण र मूल्यांकन विधिका नयाँ ज्ञान र सीप प्रयोग गर्दै विद्यार्थीहरूलाई सिकाइ क्रियाकलापमा अधिकतम सरिक गराउने उत्साह थियो । सोहीअनुसार ठीक समयमा कक्षामा जाने, पूरा समय विद्यार्थीलाई कार्यकलापमा संलग्न गराउने, नयाँनयाँ प्रोजेक्ट-वर्कका लागि विद्यार्थीलाई कक्षाबाहिर पनि लैजाने, विद्यार्थी-शिक्षक सम्बन्ध आत्मीय बनाउन कहिलेकाहीं रमाइला अतिरिक्त क्रियाकलाप गर्ने जस्ता गतिविधि गर्न थालें । म अरू शिक्षक साथीहरूबाट सिक्न र आफूले जानेको कुरा उहाँहरूसम्म पुऱ्याउन चाहन्थें । तर त्यहाँ त यसो गर्ने सहकार्यको संस्कृति नै रहेनछ । मैले सिकारू केन्द्रित र कार्यकलापमुखी शिक्षण गरेको अधिकांश शिक्षकलाई पाच्य भएन । उहाँहरूले मलाई 'नयाँ जोगीले धेरै खरानी घस्छ, त्यसको फूर्ति कति दिन टिक्छ' भनेर टीकाटिप्पणी गरेको थाहा पाएँ । बिस्तारै मलाई एक्लो महसुस हुन थाल्यो । मेरो जोस-जाँगर मर्दै गयो । म पनि उहाँहरू जस्तै जागिरे भएँ ।' मेरा पूर्वविद्यार्थीको यस्तो कुरा सुनेर म निराश भएँ । यो उदाहरण दिएर मैले सबै विद्यालय गलत संस्कृतिका छन् भन्न चाहेको होइन । सहकार्य, सहसिकाइ, सामूहिकता जस्ता सकारात्मक संस्कृति भएका स्कुल पनि छन् । यस्ता स्कुलमा शिक्षक, विद्यार्थी, अभिभावक सबै सन्तुष्ट देखिन्छन् । सबैमा मेलमिलाप र सहयोगी भाव देखिन्छ, आपसी सम्बन्ध सुमधुर छ । विद्यालयप्रति अपनत्वको भाव देखिन्छ । यस्ता स्कुल भौतिक रूपमा सम्पन्न नभए पनि एउटा सुखी परिवार जस्ता देखिन्छन् । सकारात्मक संस्कृतिले उदाहरणीय बनेका छन् । हामी देख्न सक्छौं, पक्की भवन भएका कतिपय स्कुलका कक्षाकोठा खाली छन् तर बाँसको भाटाले बारेर माटोले लिपेका कतिपय विद्यालय भरिभराउ छन् । परिवार सुखी हुन भौतिक सुविधाभन्दा बढी मेलमिलाप, माया र सम्मान आवश्यक भएझैं विद्यालय राम्रो हुन पनि सहकार्य, सहसिकाइ, सामूहिकता र आपसी सद्भाव अपरिहार्य आधार हुन् । 'शेपिङ स्कुल कल्चर' किताबका लेखक केन्ट पिटर्सन र टेरेन्स डिल लेख्छन्– सकारात्मक विद्यालय संस्कृति सामूहिक लक्ष्य र दृष्टिकोण, अपनत्व र सम्मान, मानक र मूल्य, इतिहास र योगदान, कार्यक्रम र उत्सव, संरचना र संकेत, संघर्ष र गाथा तथा सहयोगी र साझा नेतृत्वका इँटाको संरचनाले निर्मित हुन्छ । यी पक्षको सूक्ष्म र गहिरो विश्लेषणबाट स्कुलमा सुधार गर्नुपर्ने सांस्कृतिक अवयव यकिन गर्न सकिन्छ । लेस्ली काप्लन र विलियम ओयिङ्स विद्यालय संस्कृतिसम्बन्धी आफ्नो पुस्तक 'कल्चर रिबूट' मा लेख्छन्– अब विद्यालय सुधारका लागि राम्ररी काम गर्न रोकिएको कम्प्युटरलाई रिबूट वा रिस्टार्ट गरेझैं स्कुललाई नयाँ ढंगले रिबूट गर्न जरूरी छ । सकारात्मक र समावेशी संस्कृतिको मूल लक्ष्य केन्द्रमा राखेर रिबूट हुनुपर्छ । यी लेखकहरूका अनुसार विद्यालय संस्कृति कुनै नीति, कार्यक्रम र बजेटले तुरून्तै बन्ने होइन । न कुनै तालिमले सिकाउन सक्छ । संस्कृति अलिखित हुन्छ तर विद्यालयको गतिविधिमा प्रतिविम्बित हुन्छ । कुनै घरभित्र पस्नासाथ त्यहाँको भौतिक व्यवस्थापन र मानवीय व्यवहारले घरको सांस्कृतिक झलक दिएझैं स्कुल प्रवेश गर्दा देखिने भित्तेलेखन, भित्तेचित्र, बगैंचा, सरसफाइ, शिक्षक र विद्यार्थीका बोली, व्यवहार र कार्यकलापले त्यसको संस्कृति प्रतिविम्बित गर्छ ।

स्कुल राम्रो बनाउने संस्कृति निर्माणको उपर्युक्त सूत्र विद्यालय नेतृत्व, व्यस्थापन समिति, अभिभावक र शिक्षक समुदायले अवलम्बन गरौं । हाम्रो व्यवहार र विद्यालय रिबूट गर्न सुरू गरौं । असल संस्कृति निर्माण गर्न केही समय लाग्छ तर विद्यालय परिवारका सबै सदस्यले विद्यालय संस्कृतिको मर्म आत्मसात् गर्न सक्यौं भने सकारात्मक परिणाम अवश्य देखा पर्नेछ । आजै सुरू गरौं !

*-सेतोपाटी डटकम*

# मलामी बोकेको जिप दुर्घटनामा एकको मृत्यु



**गुल्मी,** बैशाख १६/जिल्लाको सत्यवती गाउँपालिका-४ लिम्घामा मलामी बोकेको जिप दुर्घटना भएको छ । लिम्घाको मौरीओडारस्थित शाहाघाट लिम्घा भित्री सडकखण्डमा रुद्रवेणीबाट मलामी लिएर लिम्घातर्फ फर्किरहेको लु १ च ४३२० नम्बरको जिप शनिबार राति दुर्घटना भएको हो ।

दुर्घटनामा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा स्थानीय ७५ वर्षीय मनबहादुर फुम्जाली रहेको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ । यस्तै दुर्घटनामा १२ जना घाइते भएका छन् । घाइते हुनेहरुमा सत्यवति-५ का ३१ वर्षीय कृष्ण थापा, वडा ४ का ३५ वर्षीय यसबहादुर बुढाथोकी, ४० वर्षीय खेमु श्रीस, ६० वर्षीय दुर्गाबहादुर राना, ३१ वर्षीय भूपेन्द्रदेव खप्तरी थापा, ५३ वर्षीय पदमबहादुर बुढाथोकी, ३१ वर्षीय भरत बुढाथोकी, २६ वर्षीय मिलन राना, २६ वर्षीय ठगबहादुर बुढाथोकी, ३४ वर्षीय घनश्याम बुढाथोकी, ५६ वर्षीय चीनबहादुर राना र चालक २९ वर्षीय शंकर विक रहेको प्रहरीले जनाएको छ । घाइते चार जनाको पाल्पा र अन्यको स्थानीय अस्पतालमा उपचार भइरहेको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# आज विश्व नृत्य दिवस मनाइँदै




**पाल्पा,** बैशाख १६/आज विश्व नृत्य दिवस संसारभर नृत्य सम्बन्धी विभिन्न कार्यक्रम गरि मनाइँदैछ । हरेक वर्ष अप्रिल २९ तारिखका दिन यो दिवस मनाउने गरिन्छ ।

नृत्यकलाको संस्कृति, परम्परा एवं संस्कार विकसित भएका देशहरुमा नृत्यकलाको सम्मान, त्यसप्रति मानिसहरुको ध्यानाकर्षण तथा चेतना अभिवृद्धि गर्ने उद्देश्यले नेपाल लगायत विश्वका विभिन्न मुलुकमा नृत्यकला प्रदर्शन गरिन्छन् । सन १९८२ अप्रिल २९ आजकै दिनमा पहिलोपटक राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संघ (युनेस्को) अन्तर्गत पर्ने अन्तर्राष्ट्रिय थिएटर इन्स्टिच्युटको अन्तर्राष्ट्रिय डान्स कमिटिले यो दिवस मनाउने घोषणा गरेको थियो । जीन जर्ज नोभेरे नामका व्यक्तिको जन्म दिनको सम्झनामा अन्तर्राष्ट्रिय डान्स कमिटिले यो दिवस मनाउने घोषणा गरेको थियो । यो दिवसको प्रमुख उद्देश्य भनेकै विश्वस्तरमा सर्वसाधारणमाझ प्राचीनकालदेखि विकसित भइआएको नृत्यकला एवं त्यसको संस्कृतिको महत्व दर्शाउनु र नृत्यकलाप्रति सबैको ध्यानाकर्षण तथा जागरुकता बढाउनु रहेको छ । सन् २००५ मा नृत्य दिवसको अवसरमा नृत्यकलालाई संसारभर प्राथमिक शिक्षा प्रणालीमा आवद्ध तथा केन्द्रित गरिएको थियो । नृत्यकलासँग जोडिएको हिन्दू धार्मिक प्रसंग अनुसार त्रेता युगमा समस्त देवताको अनुरोधमा ब्रह्माले नृत्यवेद तयार गरेको र त्यहिबेलादेखि नृत्यको उत्पति भएको विश्वास गरिन्छ । नृत्य एक कला हो, जसले लयबद्ध वा संगीतको तालमा शरीरको चाललाई दर्शाउँछ । भनिन्छ- नृत्यबिना संसार नै अधुरो हुन्छ ।


## वर्गिकृत डिस्प्ले

**१ X ५ साइजमा मात्र**

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्कः ०७५-५२०६०१


## हार्दिक समवेदना



जन्म : वि.सं.२०१२/०६/२६ गते

दिवंगत : वि.सं.२०८१/०१/०८ गते

**स्व.सुवर्ण देवी मल्ल**

तानसेन नगरपालिका वाड नं. ६ भिमसेनटोल निवासी श्री ७ भीमसेन रथ यात्राका गुठीयार एवं भीमसेन सन्हाँ गुठीका जेठा नाइके श्री केशव बहादुर मल्लकी धर्मपत्नी **स्व.सुवर्ण देवी मल्ल**को ६९ वर्षको उमेरमा भएको अकल्पनिय, असामयिक दुःखद् निधनमा हामी अत्यन्त दुःखी एवं मर्माहत भएका छौं । यस दुःखद् घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** व्यक्त गर्दछौं । साथै १० औं दिनको पुण्य तिथीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति श्री ७ भीमसेन देवताले प्रदान गरुन् भनी **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

**श्री ७ भीमसेन रथ यात्रा गुठी एवं**
**श्री ७ भीमसेन सन्हाँ गुठी परिवार**
भीमसेनटोल, तानसेन, पाल्पा

## महत्वपूर्ण कागजात हराएको सूचना

मिति २०८१/०१/१५ गते बगनासकालीको पोखराथोकदेखि तानसेन आउने क्रममा तानसेन-७, काजीपौवा होम बहादुर थापाको महत्वपूर्ण कागजात सहित लाइसेन्स, मतदाता परिचयपत्र, भारतको आधारकार्ड, पानकार्ड, ग्रोसरी क्यान्टिन कार्ड हराएकाले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम :** होम बहादुर थापा
**ठेगाना :** तानसेन-७, काजीपौवा, पाल्पा
**लाइसेन्स नं. :** ०१-०८-००९०१५७८
**सम्पर्क नं. :** ९८४७४१००४८, ९८४७४६६५२८

## खेलकुद समाचार

### नेपाल दोस्रो खेलमा वेष्टइण्डिज ए सँग पराजित



**काठमाडौं,** बैशाख १६/वेष्ट इण्डिज ए ले दोस्रो टी-२० खेलमा घरेलु टोली नेपाललाई १० रनले हराएको छ । योसँगै पाँच खेलको टी-२० सिरिज १-१ को बराबरीको अवस्थामा पुगेको छ ।

१६१ रनको लक्ष्य पछ्याएको नेपालले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै १५० रन बनायो । नेपालका रोहित पौडेलले ४८ बलमा ६ चौका र २ छक्कासहित ७१ रनमा नट आउट रहे । गुल्सन झा ११ बलमा ३ चौका र २ छक्कासहित २६ रन र लोकेश बम १६ बलमा १ चौका र २ छक्कासहित १७ रनमा आउट भए । ओपनर अनिल शाह १, कुशल मल्ल शून्य, आरिफ शेख १२ र दीपेन्द्रसिंह ऐरी ३ रनमा आउट भए । वेष्ट इण्डिजका ओबेद म्याककोयले ४ ओभरमा २४ रन खर्चेर २ विकेट लिए । गुडाकेश मोतीले ४ ओभरमा २२ रन खर्चेर २ विकेट लिए । ओशान थोमस र रोस्टन चेशले १-१ विकेट लिए । अन्तिम ओभरमा नेपाललाई १७ रन जित्नलाई चाहिएको थियो । स्ट्राइकमा रोहित पौडेल र बलरमा म्याथ्यु फर्ड थिए । पहिलो बल योर्करमा डट र दोस्रो बल फिल्डरको गल्तीमा स्ट्रेटमा चौका भएको थियो । तेस्रो बलमा आकाश चन्द दुई रन लिन दौडिँदा रन आउट भए । चौथो बलमा सागर ढकालले १ रन लिए । त्यसपछि बाँकी दुई बलमा ११ रन चाहिएको थियो । पाँचौं बलमा रोहितले लडअनमा सट खेलेपनि रन लिएनन् । नेपालको हार पक्का बनेको थियो । त्यसपछि अन्तिम बल डट खेले । त्यसअघि त्रिवि क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको वेष्ट इण्डिज ए ले २० ओभरमा ७ विकेट गुमाउँदै १६० रन बनाएको थियो । वेष्ट इण्डिजका आन्द्रे फ्लेचरले ३६ बलमा ३ छक्कासहित सर्वाधिक ४३ रनको योगदान दिए । स्पिन अलराउन्डर गुडाकेश मोतीले तल्लोक्रममा ८ बलमा २ चौका र ४ छक्कासहित ३३ रन जोड्दै प्रतिस्पर्धात्मक योगफल तयार पारे । म्याथ्यु फर्ड ६ बलमा १ छक्कासहित ११ रनमा नट आउट रहे । तेस्रो ओभरमा स्पिनर सागर ढकालले जोनसन चार्ल्सलाई ११ र एलिक एथानाजेलाई ६ रनमा आउट गरेका थिए । त्यसपछि कुनैपनि समय वेष्टइण्डिजले आक्रामक क्रिकेट खेल्न सकेका थिएनन् । रोस्टन चेस, २२ बलमा २ चौका र १ छक्कासहित २३, केसी कार्टी १०, किमो पल ८ र हेयडन वाल्स ९ रनमा आउट भए । अन्तिम २ ओभरमा वेस्टइन्डिजले ४१ रन जोडेको थियो । नेपालका स्पिनर सागर ढकालले ४ ओभरमा १९ रन खर्चेर २ विकेट लिए । कुशल भुर्तेलले ४ ओभरमा २२ रन खर्चेर २ विकेट लिए । सोमपाल कामी र दीपेन्द्रसिंह ऐरीले १-१ विकेट लिए । पाँच खेलको सिरिजमा नेपाल र वेष्टइण्डिज १-१ को स्थितिमा छन् । पहिलो खेलमा नेपाल ४ विकेटले विजयी भएको थियो । तेस्रो खेल बुधबार, चौथो खेल बिहीबार र अन्तिम खेल शनिबार हुनेछ ।

## अर्थ/कर्पोरेट समाचार

# तानसेन खानेपानी महशुलमा ५० प्रतिशत छुट दिन एमालेको माग



**कृष्ण पोखरेल**

**पाल्पा,** बैशाख १६/तानसेन खानेपानी महशुलमा ५० प्रतिशत छुट दिन नेकपा एमाले तानसेन नगर कमिटीले उपभोक्ता समिति समक्ष माग गरेको छ । उसले तानसेन खानेपानी उपभोक्ता समितिलाई ध्यानाकर्षण गराउँदै तत्काल उपभोक्तालाई खानेपानी महशुलमा हाल चलिरहेको मुल्यमा ५० प्रतिशत रकम छुट दिन माग गरेको हो ।

नगर अध्यक्ष गुँराश आत्रेयले समितिका अध्यक्ष मोहनप्रसाद श्रेष्ठलाई ध्यानाकर्षण पत्र बुझाउँदै खानेपानी महशुलमा तत्काल ५० प्रतिशत रकम छुट दिन अनुरोध गरेका छन् । अध्यक्ष सहित पदाधिकारी तथा सदस्यहरुको टोलीले सरकारले खानेपानी, विद्युत महशुलमा ५० प्रतिशत छुट दिएकाले उपभोक्ताहरुलाई पनि सोही अनुसारको छुट दिन समितिलाई ध्यानाकर्षण गराएको हो । ध्यानाकर्षण पत्र लिदै समितिका अध्यक्ष श्रेष्ठले एमालेले गराएको ध्यानाकर्षणले हामीलाई उर्जा थपेको र आगामी आर्थिक वर्षदेखि महशुल दरमा छुट हुने प्रतिवद्धता जनाए । उनले भने 'अहिले नै कति छुट हुन्छ भनेर डिसिजन नगरौं तर उपभोक्ताहरुलाई समितिले केहि न केही रकम छुट दिन्छ ।' तानसेनको लिफ्ट खानेपानी पहाडी क्षेत्रका अन्य ठाउँको तुलनामा सस्तो रहे पनि खर्चिलो बढि रहेको समितिका अध्यक्ष श्रेष्ठले बताए ।

कार्यक्रममा खानेपानी समितिका सचिव प्रेम बहादुर मल्लले भने 'बाहिर बसेर बोल्दा र कर्चीमा बसेर जिम्मेवारी निभाउँदा फरक हुन्छ, अहिले समितिले उपभोक्तालाई सहज रुपमा पानी खुवाउने ध्यानमा लागेको छ ।' अहिले सबै क्षेत्रमा पानी तान्ने मोटर जगेडाको रुपमा राख्ने र मोटर बिग्रिएको कारण उपभोक्तालाई खानेपानीको दुःख नहोस् भनि समिति सक्रिय भएर लागेको बताए । एमाले तानसेन नगर कमिटीले खानेपानी समितिले सकारात्मक रुपमा लिएको सचिव मल्लले बताए ।


मनको आवाज............



'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई